नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
# वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड

**आज मिति २०७१/१२/८ का दिन (आ.व.०७१।७२ को) बसेको वोर्डको बैठकवाट भएका निर्णयहरू :-**

१ **प्रस्ताव नं १ - समुदायस्तरको अभिमुखीकरण, Pre Decision making अभिमुखीकरण र पूर्व प्रस्थान अभिमुखीकरण तालीमको पाठ्यक्रम तयार गर्न बोर्ड सचिवालयलाई निर्देशन दिने सम्वन्धमा :-**

समुदायस्तरमा वैदेशिक रोजगारको बारेमा समान्य जानकारी जिल्लातहमा निर्णयपूर्वको तालीम र पूर्व प्रस्थान अभिमुखीकरण तालीम सञ्चालन गर्नको लागि आवश्यक पाठ्यक्रम र Manual साथै सञ्चालन विधि सहितको विस्तृत विवरण आगामी बोर्ड बैठकमा पेश गर्न सचिवालयलाई निर्देशन दिने ।

२ **प्रस्ताव नं. २ - बोर्डवाट अनुमोदन गराउनु पर्ने निर्णयहरुका सम्वन्धमा :-**

क) चालू आ.व. मा वैदेशिक रोजगार कल्याणकारी कोषको बजेटवाट वैदेशिक रोजगार सम्वन्धी गन्तव्य मुलुकहरुमा अध्ययन भ्रमणका लागि टोलीहरु गएकोमा भ्रमणका गएको देश, भ्रमणको उद्देश्य, भ्रमण टोलीका सदस्यहरुको नाम, भ्रमण अवधि, भ्रमणमा लागेको खर्च, निर्णय मिति, भ्रमणमा पठाउने निर्णय कुन तहवाट भएको हो र भ्रमणवाट प्राप्त उपलब्धि समेत स्पष्ट खुलाई अनुमोदनका लागि आगामी बैठकमा पेश गर्ने ।

ख) मृतक कामदारका हकवालालाई दिइने आर्थिक सहायता, अङ्गभङ्ग भए वापत प्रदान गरिने क्षतिपूर्ति समेत शतप्रतिशत वृद्धि भै चालू आ.व. को स्वीकृत बार्षिक कार्यक्रममा विनियोजित बजेट अपर्याप्त भएकोले हाल सेवाग्राहीलाई दैनिक रुपमा प्रदान गरिने आर्थिक सहायता, अङ्गभङ्ग वापतको क्षतिपूर्ति र उद्धार कल्याणका सेवा नरोक्ने गरी सेवा प्रभाह गर्ने, थप रकम आवश्यक देखिएका शीर्षक र रकम समेत खुलाई अनुमोदनको लागि आगामी बैठकमा पेश गर्ने ।

३ **प्रस्ताव नं. ३ - मृत्यु भएका कामदारका हकवालालाई आर्थिक सहायता प्रदान गर्ने सम्वन्धमा :-**

क) वैदेशिक रोजगारमा जानको लागि श्रम स्वीकृति लिई तर बिदेश नजाँदै करार अवधिभित्रै नेपाल मै मृत्यु भएका तपसील बमोजिमका मृतक कामदारका हकवालालाई नियमानुसार आर्थिक सहायता उपलव्ध गराउने । अव उप्रान्त यस्ता प्रकृतिका मृतक परिवारको आर्थिक सहायता मागदावी सम्वन्धी निर्णय बोर्ड सचिवालयवाटै गरी नियमानुसारको आर्थिक सहायता उपलव्ध गराउने ।

१. धनुषा जिल्ला नौवाखोर पसाही २ ठेगाना भएका मृतक इसुवा साफीका श्रीमती हकवाला सवाना खातुनलाई नियमानुसार पाउने आर्थिक सहायता उपलव्ध गराउने ।

२. दाङ्ग जिल्ला फुलवारी ६ ठेगाना भएका मृतक पूर्णबहादुर वलीका श्रीमती हकवाला गंगा वलीलाई नियमानुसार पाउने आर्थिक सहायता उपलव्ध गराउने ।

ख) वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको कार्य सञ्चालन निर्देशिका २०६८ मा परिभाषा (ढ) मा परिवार भन्नाले कामदारले पालन पोषण गर्नुपर्ने पति पत्नी, बाबु आमा, छोरा छोरीलाई सम्झनुपर्छ भन्ने व्यवस्था भएकोमा प्रस्तुत केसमा उक्त नाता पर्ने हकवाला कोही पनि नभएको अवस्था रहेकोले शव बुझेको र काजक्रिया समेत गरेको स्पष्ट प्रमाण पेश गर्न लगाई मृतकका दाजुभाइ खम बहादुर थापा मगर र कर्ण बहादुर थापा मगरलाई संयुक्त रुपमा रु.५०,०००।- काज किरिया वापत आर्थिक सहायता उपलब्ध गराउने ।

ग) वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिई मलेशिया गएका मृतक विष्णु परियारको श्रीमती नन्दी परियार वैदेशिक रोजगारको लागि कुवेत रहेकोले आर्थिक सहायताको लागि मृतकका हकवाला छोरा/छोरीको संयुक्त रुपमा निवेदन पेश भएकोमा तुलसीपुर नगरपालिका दाङ्गको चलानी नं. ५९४५ मिति २०७१।११।२९ को सिफारिश अनुसार मृतक विष्णु परियारका छोराछोरीहरुलाई हकवालाले नियमानुसार पाउने आर्थिक सहायता उपलब्ध गराउने ।

४ **प्रस्ताव नं. ४ - रोजगारीका नयाँ गन्तव्य पहिचान र प्रवर्द्धन गर्ने सम्वन्धी कार्यविधि २०७१ लाई स्वीकृत गर्ने सम्वन्धमा :-**

अन्तर्राष्ट्रिय रोजगार बजारको खोजी गर्ने गराउने र भइरहेको गन्तव्यको बारेमा समेत नेपाल सरकारले ठोस आधारमा आफ्नो धारणा बनाउनुपर्ने र रोजगारका नयाँ गन्तव्य तथा क्षेत्र पहिचानलाई पनि व्यवस्थित रुपमा कार्यान्वयन गर्नुपर्ने भएकोले बोर्ड सचिवालयले तयार गरेको प्रस्तावित कार्यविधिको मस्यौदा बोर्ड समक्ष पेश भयो । उक्त मस्यौदालाई कार्यविधिको ढाँचामा परिष्कृत गरी श्रम तथा रोजगार मन्त्रालयमा पेश गर्न सिफारिश गर्न आगामी बोर्ड बैठकमा पेश गर्ने ।

कार्यकारी निर्देशक

५ **प्रस्ताव नं. ५ - गैर आवासीय नेपाली संघसँग नयाँ उद्धार कोष स्थापना गर्नका लागि लिइने रकम सम्झौता गर्ने अधिकार दिने सम्वन्धमा :-**

वैदेशिक रोजगार उद्धार तथा उपचार कोषमा गैर आवासीय नेपाली संघसँग नयाँ उद्धार कोष स्थापना गर्नका लागि लिइने रकम सम्झौता गर्ने सम्वन्धमा श्रम तथा रोजगार मन्त्रालयवाट उक्त कोषको सञ्चालन कार्यविधिमा परामर्शका लागि अर्थ मन्त्रालयमा पठाइएको हुँदा अर्थ मन्त्रालयको सहमति प्राप्त भएपछि आवश्यक निर्णय गर्ने ।

६ **प्रस्ताव नं. ६ उच्चस्तरीय समितिले विभिन्न समयमा गरेका निर्णयलाई अनुमोदन गर्ने र उक्त समितिको परिवर्तित कार्यविधि बारे जानकारी गराउने सम्वन्धमा :-**

उच्चस्तरीय समितिले विभिन्न समयमा गरेका निर्णयलाई अनुमोदन गर्ने सन्दर्भमा रु.६०,००,०००।- (साठी लाख) मा नबढने गरी चालू आ.व. को बाँकी महिनाका लागि तपसील बमोजिमको बजेट र कार्यक्रम स्वीकृत गर्ने । उक्त समितिको संशोधित कार्यविधिबारे बोर्डलाई जानकारी भयो र बोर्डका आगामी बैठकमा उक्त समितिका संयोजक डा. हरि लम्साललाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्ने ।

**श्रम बजार व्यवस्थापन तथा प्रवर्द्धन उच्चस्तरीय समितिको लागि स्वीकृत बजेट**
**(चालु आ.व. को बाँकी अवधिको लागि मात्र)**

| क.स. | खर्च शिर्षक | प्रति इकाई | दर | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| क) चालू खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | |
| १ | कार्यालय भाडा (२ वर्षसम्म घरभाडामा लिन सकिने) | ४ | ३००००।०० | १२००००।०० | एकजना अधिकृत र एकजना लेखापाल मन्त्रालय वा बोर्डबाट व्यवस्था गर्ने |
| २ | संयोजकको प्रोत्साहन भत्ता | ४ | २५०००।०० | १०००००।०० | |
| ३ | २ जनाको सदस्यको प्रोत्साहन भत्ता | १२ | २००००।०० | २४००००।०० | |
| ४ | एकजना कम्प्यूटर अपरेटर | ४ | १८८००।०० | ७५२००।०० | |
| ५ | समितिको बैठक भत्ता | ६ | २०००० | १२०००० | |
| ६ | कार्यक्रम भ्रमण खर्च | ४ | १००००० | ४००००० | |
| ७ | समितिको २०७१/१०/०५ को बैठकबाट स्वीकृत कार्ययोजना कार्यान्वयनको लागि | १ | ६०००००० | ६०००००० | |
| ८ | बैठकको खाजा खर्च | ६ | १०००० | ६०००० | |
| ९ | विविध | ४ | १०००० | ४०००० | |
| १० | एकजना कार्यलय सहयोगी | ४ | १२९८०।०० | ५१९२०।०० | |
| ११ | एकजना सवारी चालक | ४ | १४६७०।०० | ५८६८०।०० | |
| १२ | टेलिफोन, इन्टरनेट, पानी बत्ती आदी | ४ | २००००।०० | ८००००।०० | |
| १३ | कार्यालय सञ्चालन | ४ | ४००००।०० | १६००००।०० | |
| | चालू कार्यक्रमको जम्मा | | | ७५०५८००।०० | |
| ख) पूंजी अन्तर्गतका कार्यक्रमहरु | | | | | |
| १ | फर्निचर तथा फर्निसिङ्ग खरीद | १ | ४५००००।०० | ४५००००।०० | |
| २ | कम्पयूटर खरीद (ल्यापटप १ र डेस्कटप २) | ३ | ७००००।०० | २१००००।०० | |
| ३ | फोटाकपी प्रिन्टर | १ | ५००००।०० | ५००००।०० | |
| ४ | सवारी साधन भाडा | ४ | ४००००।०० | १६००००।०० | |
| | पुंजीगत खर्च जम्मा | | | ८७००००।०० | |
| | जम्मा | | | ८३७५८००।०० | |

७ **प्रस्ताव नं. ७ - विभिन्न दूतावासबाट माग भै आएको रकमका सम्वन्धमा :-**

क) साउदी अरवमा त्यहाँस्थित नेपाली राजदूतावासले विगत देखि नै ३ जना स्थानीय कर्मचारीहरु करारमा नियुक्ति गरी निजहरुको तलव वापतको रकम चालु आ.व. को श्रावण महिनादेखि नै लागू हुने गरी २०७२ असारमसान्तसम्मको लागि माग भै आएकोमा आइन्दा उल्लिखित कर्मचारीका लागि बोर्डले खर्च व्यहोर्न नसक्ने जानकारी गराउने र हाल एकपटकका लागि कल्याणकारी कोषवाट रु.४५,००,०००।- (पैत्तालीस लाख) परराष्ट्र मन्त्रालय मार्फत निकाशा पठाउने ।

वोर्डका अध्यक्ष एवं माननीय राज्यमन्त्रीज्यूवाट धन्यवाद सहित बैठकको समापन गरियो ।

वैदेशिक रोजगार ऐनको दफा ४० (६) बमोजिम प्रमाणित

(रघुराज काफ्ले)
कार्यकारी निर्देशक